निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. / Ref:

निर्वाचन आयोग नेपाल २०२३

मिति: २०७८/२/१७

# प्रेस विज्ञप्ति

## राष्ट्रिय सभा सदस्य उपनिर्वाचनको परिणाम

लुम्बिनी प्रदेशमा रिक्त रहेको राष्ट्रिय सभा सदस्य उपनिर्वाचनको मतदान कार्य आज अपरान्ह ३ बजे शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ । यस उपनिर्वाचनमा प्रदेश सभा सदस्य ८३ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख २१७ गरी जम्मा ३०० जना मतदाता रहेकोमा प्रदेश सभा सदस्यतर्फ ८३ जना र स्थानीय तहतर्फ २१३ जना गरी जम्मा २९६ जनाले मतदान गर्नु भएको छ । यस मध्ये कोरोना भाइरस संक्रमित मतदाताको संख्या २७ जना रहेको छ । प्रदेशसभा सदस्यको मतभार ४८ र स्थानीय तह सदस्य तर्फको मतभार १८ रहेको छ ।

राष्ट्रियसभा सदस्य उपनिर्वाचनको मत परिणााम अनुसार नेपाली कांग्रेसका दृग नारायण पाण्डेयले ४,१४० मतभार प्राप्त गरी निर्वाचित हुनु भएको छ । नेपाल कम्यूनिष्ट पार्टी (एमाले) का चन्द्रबहादुर खड्काले ३६१२ मतभार प्राप्त गर्नु भएको छ ।

राष्ट्रियसभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा निर्वाचनमा खटिने निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकारी लगायत राष्ट्रसेवक कर्मचारीहरु तथा सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुलाई आयोग धन्यवाद ज्ञापन गर्दछ ।

०७८/२/१७

(राजकुमार श्रेष्ठ)
सहसचिव एवं प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np